(२) प्राथमिकताका समूहका जनताहरूको बृहत्तर विकासमा कार्य गर्न चाहने स्थानीय सङ्घसंस्था, क्लब, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थासँग समन्वय गरी सरल र सहज कार्य वातावरण सृजना गरिनेछ ।

## परिच्छेद – ३

## योजना प्रक्रियामा जनसहभागिता सम्बन्धी व्यवस्था

७. <u>योजना तर्जुमा प्रक्रियामा युवा सहभागिताः</u> (१) स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम वडास्तरीय आयोजना कार्यक्रम पहिचानको तहदेखि नै हरेक चरणमा प्राथमिकताका समूहका जनताहरूलाई सहभागितामा गराउने व्यवस्था मिलाइनेछ ।

(२) योजना छनौट प्रक्रियामा हुने छलफल, प्राथमिकीकरण र निर्णय निर्माणमा सङ्गठित वा असङ्गठित प्राथमिकताका समूहका जनताहरूको अर्थपूर्ण सहभागिता बढाउँदै लगिनेछ र आर्थिक तथा प्राविधिक रूपमा सम्भाव्य परियोजना छनौट गर्न प्राथमिकताका समूहका जनताहरूको समावेशी सहभागिता सुनिश्चित गरिनेछ।

(३) योजना छनौटको अन्तरक्रियामा बृहत् प्राथमिकताका समूहका जनताहरुको भेलाआयोजना गरी भौगोलिक, सामाजिक-सांस्कृतिक, आर्थिक, मानविय तथा राजनीतिक रुपमा पिछडिएको समूदायमा रहेका जनताहरु र सक्रिययुवाक्लब, युवा सामाजिक सङ्घ संस्था, स्काउट, युवा तथा विद्यार्थी सङ्गठन र उद्यमी युवा, स्वयम्सेवक जस्ता सङ्गठित युवाको समूह भन्ने सम्झनुपर्दछ सक्रिय युवाक्लब, युवा सामाजिक सङ्घ संस्था, स्काउट, युवा तथा विद्यार्थी सङ्गठन र उद्यमी युवा, स्वयम्सेवक जस्ता सङ्गठित युवाकोसवालहरू पहिचान गर्ने र योजना बनाउने व्यवस्था मिलाइनेछ ।

(४) योजनाको प्राथमिकीकरण गर्दा प्राथमिकताका समूहका जनताका सबालसँग प्रत्यक्ष सरोकार राख्ने विषयलाई सम्बोधन हुने गरी आवश्यक व्यवस्था मिलाइनेछ ।

(५) योजना कार्यान्वयनका लागि आन्तरिक श्रोतको पहिचान गरी उपयोग गर्न प्राथमिकताका समूहका जनताहरुलाई परिचालन गर्न उचित प्रबन्ध गरिनेछ ।

(६) योजना कार्यान्वयनका क्रममा वातावरण संरक्षणका लागि सचेतनामूलक कार्यमा प्राथमिकताका समूहका जनताहरुलाई परिचालन गरिनेछ ।

(क) निजी क्षेत्रले सामाजिक उत्तरदायित्व अन्तर्गत प्राथमिकताका समूहकाव्यक्तिहरु लक्षित कार्यक्रम सञ्चालन गर्ने ।

(ख) निजी क्षेत्रको नेतृत्वमा हुने कार्यक्रममा जनताको सहयोग लिने र प्राथमिकताका समूहका व्यक्तिहरुको वर्गलाई उत्प्रेरित गर्ने ।

**(४) सामाजिक सङ्घ संस्थाहरुको भूमिका**

(क) सामाजिक सङ्घसंस्थाका सञ्जालमा प्राथमिकताका समूहका व्यक्तिहरुको नेतृत्व र मुद्दालाई प्राथमिकता दिने ।

(ख) जनतामा सदाचार प्रवर्द्धन गर्ने, नेतृत्व विकास गर्ने खालका कार्यक्रम तय गर्ने ।

(ग) जनताको नेतृत्व विकासका लागि उनीहरको सिप तथा क्षमता अभिवृद्धि हुने कार्यक्रम लागू गर्ने ।

(घ) स्थानीय तहसँगको समन्वयमा लक्षित कार्यक्रमहरु कार्यान्वयन गर्ने ।

**(५) सञ्चार क्षेत्रको भूमिका**

(क) प्राथमिकताका समूहका व्यक्तिहरुको सहभागिताका विषयमा सञ्चार माध्यममा प्राथमिकताका साथ उठाउने ।

(ख) प्राथमिकताका समूहका व्यक्तिहरुले गरेका सकारात्मक कार्यको प्रसार प्रसार गर्ने ।

(ग) प्राथमिकताका समूहका व्यक्तिहरुलाई नैतिक शिक्षा हुने खालका कार्यक्रमको प्रकाशन तथा प्रसारणमा जोड दिने ।

(घ) प्राथमिकताका समूहका व्यक्तिहरुको नेतृत्वमा भएका सफलतालाई प्राथमिकता दिने ।

२२. **समन्वय र सहकार्य:** (१) प्राथमिकताका समूहका व्यक्तिहरुको सहभागिता अभिवृद्धिका लागि संघस्तरमा युवा तथा खेलकुद मन्त्रालय, राष्ट्रिय योजना आयोग र विभिन्न विषयगत मन्त्रालय, राष्ट्रिय युवा परिषद् र मातहतका समिति, प्रदेश सरकार युवा मामिला मन्त्रालय, प्रदेश नीति तथा योजना आयोग र अन्य आयोगहरुबाट विषयगत मन्त्रालयबाट हुने युवासम्बन्धी सङ्घ तथा प्रदेशका नीति तथा कार्यक्रम र बजेटका लागि उचित समन्वय र सहकार्य गरिनेछ ।

